# नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- ६५१ मिति :- २०७९।०८।०९

**बाल कल्याण अधिकारी करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**
(प्रथम पटक प्रकाशित मिति :- २०७९।०८।०९ गते

प्रस्तुत सम्बन्धमा श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरवार काठमाण्डौको च.नं. ३५ मिति २०७९।०७।०४ गतेको प्राप्त पत्रानुसार नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बाल कल्याण अधिकारी (अधिकृतस्तर छैठौं) १ (एक) पद करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क.स. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | बाल कल्याण अधिकारी | १ (एक) | |

२. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क.कम्तीमा स्नातक तह वा सो सरह उर्तीण गरेको/स्नातकोत्तरलाई पहिलो प्राथमिकता दिईनेछ ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

ग. आधारभुत कम्प्यूटर सीप सम्बन्धि कम्तीमा ३ महिनाको तालिम लिएको

घ. अनुभव :- कम्तीमा २ वर्ष

३. दरखास्त दिने स्थान :- प्रशासन, योजना तथा अनुगमन शाखा नलगाड नगरपालिका दल्ली

४. दरखास्त दिने अन्तिम मिति :- २०७९।०८।२३ गते उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन

५. आवेदन दस्तुर :- रु.१०००। (एक हजार रुपैयां मात्र)

६. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

(क) नागरिकता (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र (ग) चारित्रिक प्रमाण पत्र (घ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात (ङ) तालिमहरुको प्रमाणपत्र (च) २ प्रति पासपोर्ट फोटो

८. सेवा सुविधा तथा अन्य :- कार्यालयको नियमानुसार ।

९. आवेदनको ढाँचा :- **www.nalgaadmun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

मानबहादुर गिरी
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत